# ९ पवित्र विवाहः अदनको वरदान

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति २:१८-३५, मर्कूस १०:७-८, एफिसी ५:२२-२५, मत्ती ५:२७-३०।

*स्मरण गर्नुपर्ने पद:* "अनि परमेश्वरले भन्नुभयो, 'मानिस एकलै बस्नु मनासिव देखिएन। उसलाई ठ्याक्कै सुहाउँदो सहयोगी म सृजना गर्दछु।'" (उत्पत्ति २:१८ रूपान्तरित)।

**पवित्र वैवाहिक जीवनको सुखमय र आशिषमय जीवनशैलीलाई सोच्नुहोस्। त्यस्तो घर रमाइलो र मायालु हुन्छन्।** यस्तो घरमा जन्मेर हुर्केका मानिसहरू कति भाग्यमानी हुन्छन्! तर वर्तमान परिप्रेक्ष्यमा विवाह भनेको कतिपय मानिसको निम्ति आनन्द र शान्तिको अनुभवको सट्टा पिडा र क्रोधको चक्करमा फसिएको अनुभव भइरहेकोछ (कतिपयको वैवाहिक जीवनमा राहतको अनुभव हुनुको सट्टा आहतको अनुभवहरू भइरहेका दैनिक खबरले दिइरहेकाछन्)। तर सुरूमा दाम्पत्य जीवनलाई त्यस्तो मोडमा लैजान परमेश्वरले सृजनु भएको थियो। आज कतिपयको वैवाहिक जीवनमा भइरहेका अनगिन्तियौं प्रतिकूल अर्थात् नकारात्मक वातावरणले मानव जीवनमा पापले कत्तिको राज गरिरहेकाछन् भनेर देखाउने एक प्रभावकारी नमुना धरोहरको रूपमा खडा भइरहेको विश्वको समाजले दुर्भाग्यवस हेर्नुपरेको छ।

"परमेश्वरले नै प्रथम विवाह शुभारम्भ गर्नु भएको थियो। त्यसकारण पवित्र विवाह वा दाम्पत्य जीवन सारा जगतका सृष्टिकर्ताले नै सुरू गर्नुभएको थियो। 'वैवाहिक जीवन आदरणीय छ' (हिब्रू १३:४ रूपान्तरित)। परमेश्वरले मानिसहरूलाई दिनुभएको धेरै प्रथम् वरदानहरूमा विवाह पनि एक थियो। पापले गर्दा अदनको बँगैचा छोड्नुपर्दा आदमले दुई थोकमा दाम्पत्य जीवन पनि एक आफूसँगै ल्याएका थिए। जब परमेश्वरको निति अनुसार दाम्पत्य जीवन चल्छ भने त्यो जीवन सबैको निम्ति आशिषमय हुन आउँछ। मानव जातको शुद्धता र आनन्दतालाई विवाहले नै सुरक्षित राख्दछ। मानिसलाई चाहिने सामाजिक आवश्यकताहरू वैवाहिक जीवनले नै प्रदान गर्दछ। मानव जातको शारीरिक, मानसिक र नैतिक स्वभावको उत्थान गर्न

वैवाहिक जीवनले नै प्रमूख भूमिका खेलेको हुन्छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ४६बाट रूपान्तरित।

पवित्र विवाह परमेश्वरले दिनुभएको कस्तो अचम्मको आदर्श हो! यस जीवनलाई सफल बनाइराख्ने केहि नितिहरू यस अध्यायमा हामी हेर्नेछौं।

## १. लो टोभ (Lo Tov) वा असल भएन (उत्पत्ति २:१८)

जगतको विशाल प्वालबाट परमेश्वरले आफ्नो वचनको शक्तिद्वारा यस पृथ्वीलाई सृष्टि गर्नुभएको थियो। जबसम्म परमेश्वरले सृष्टिको काम सिध्याउनुभएन तबसम्म आफूले गर्नुभएको सबै कामलाई असलमात्र भन्नुभएको थियो। जब उहाँले यस पृथ्वीलाई रच्ने काम सिध्याउनुभयो तब उहाँले त्यस कामलाई हेरेर अत्यन्त हर्ष मानेर आफूले गरेको सृष्टिलाई “धेरै असल" (उत्पत्ति १:३१) भनेर घोषणा गर्नुभयो।

**यद्यपि आफूले सृष्टि गरिरहेको क्रममा त्यसलाई “राम्रो" भनेर सम्बोधन गर्नुभएतापनि त्यसै बीचमा एउटा कामचाहिँ अचम्मतरिकाले “राम्रो भएन" अर्थात् हिब्रू भाषामा लो टोभ (Lo Tov) भनेर उच्चारण गर्नुभएको थियो। आफ्नै कामलाई असल भएन भनेर परमेश्वरले स्वीकार्नुभएको भए के हुन्थ्यो होला? किन होला? त्यो उत्पत्ति २:१८मा उल्लेख गरिएको छ, त्यो कत्तिको अर्थमूलक छ, हेरौं: “तब फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, “मानिसको लागि एक्लो बस्नु राम्रो होइन। म उसको लागि एकजना सहयोगी बनाउनेछु जो उ जस्तै नै हुनेछे।”(रूपान्तरित)।**

**जबसम्म** परमेश्वरले आदमलाई सृष्टि गर्नुभएन तबसम्म आफूले सृष्टिगरेको यावत थोकलाई “राम्रो" वा “असल" भनेर उच्चारण गर्नुभएको रोचक नै मान्नुपर्दछ। तब उहाँले आदमलाई सृष्टि गर्नु भयो। उनी केवल एकल मानव जात थिए। सारा सृष्टि परमेश्वरको स्वरले सृष्टि गर्नुभएको थियो भने आदमलाई बिशेष ध्यान दिएर भूमीको माटोबाट मानव आकार बनाएर जीवनको सास फूकी आफ्नै स्वरूपमा उहाँले बनाउनुभएको थियो। तर उनी एकलै थिए। उनी एकलै भएकोले त्रीएक परमेश्वरको बीचमा भएको सम्बन्धलाई त्यस एक्लो आदमले पूर्णरूमा चित्रण गर्न सकेको थिएन। परमपिता परमेश्वर, उहाँको पुत्र येशू र पवित्र आत्मा मिलेर त्रीएक परमेश्वर हुनुभएको

थियो। ती तिनको बीचमा पारस्परिक सम्बन्ध थियो। त्यसरी नै पारस्परिक प्रेम देखाउन र आफसी सहयोग पाउन आदमलाई पनि आफू जस्तै अर्कै जीवको आवश्यक भएको थियो। अर्को जीवसँगको सम्बन्धले त्रीएक परमेश्वरको भित्रमा कस्तो पारस्परिक प्रेमिलो सम्बन्ध रहेछ भनेर आदमले देखाउनुपरेको थियो।

अनि उत्पत्ति २:१९-२१मा यो वृतान्त पढ्छौं: **यसर्थ परमप्रभु परमेश्वरले जमीनका सबै पशुहरु र आकाशमा चरा-चुरूङ्गीहरु सृष्टि गरी तिनीहरुको के के नाउँ राख्दा रहेछन् भनी मानिसकहाँ पठाउनु भयो। अनि मानिसले तिनीहरुलाई जे भने तिनीहरुको त्यही नाउँ रह्यो। 20 अनि मानिसले पाल्तू गाई वस्तु, आकाशमा उड्ने चरा-चुरुङ्गीहरु र जङ्गली जनावरहरुको नाउँ राख्यो। तर मानिसको निम्ति कुनै सहयोगी साथी पाएन। 21 त्यसपछि परमप्रभु परमेश्वरले मानिसलाई गहिरो निंद्रामा सुताउनु भयो। जब त्यो मानिस गहिरो निंद्रामा पर्यो उहाँले एउटा करङ्ग निकालेको ठाउँमा मासुले पुरिदिनुभयो।" (रूपान्तरित)। आदमको निम्ति सहयोगी बनाउन परमेश्वरले अर्कै तरिका अपनाउनुभएको थियो। आदमकै हाडछालाबाट हब्बा सृष्टि गरि आदमलाई श्रीमतीको रूपमा सुम्पिदिनुभएको कार्यले सृष्टिको रचनामा परमेश्वरको गतिविधिलाई कुन रूपमा हामी हेर्ने?**

हुनसक्छ त्यसको जवाफ केहि हदमा पद २०ले देखाउँछ होला। सारा जन्तु जनावर, पंक्षी आदिहरूलाई परमेश्वरले आदमकहाँ ल्याइदिनुभएर तिनीहरूलाई नामाङ्करण गर्न उनैलाई सुम्पिदिनुभएको थियो। तर जब आदमले सबैको नाम दिनुभएको तब सबै पशुपंक्षी जोडा जोडा भएर आएको आदमले ख्याल गरेको हुनुपर्दछ। आफूलाई हेर्दाचाहिँ एक्लो भएको उनले महशूस गरेको हुनुपर्दछ। तर तत्कालिन, आदम एक्लै भएतापनि उनलाई पनि जोडी बनाइदिने परमेश्वरको योजना थियो भनेर हामीले अनुमान गर्न सक्छौं। हुनसक्छ आदमले यो महशूस गरेको परमेश्वरले चाहेको होला कि सबै पशुपंक्षीहरूको माझमा आफू रहेतापनि उनको जीवनमा केहि न केहि अभाव भएको आभास पाओस्। आफूलाई पनि जोडी साथी चाहेको चाहना आदमले गरोस् भनेर परमेश्वरले केहि समय उनलाई दिएको हुनुपर्दछ। त्यसले गर्दा जब आदमको जीवनमा हब्बाको प्रवेश हुन्छ तब उनलाई परमेश्वरको वरदान "मेरी श्रीमती" भनेर आदमले बढि सऱ्हाहना गरोस् भन्ने परमेश्वरको चाहना थियो।

सारा सृष्टिमा परमेश्वरले “असल" वा “राम्रो" भनेर उच्चारण गर्नुभएको तर आदम एक्लै हुँदा “यो त असल वा राम्रो भएन" भनेर परमेश्वरले नै महशूस गर्नुभएको कुरालाई गम्भिरतापूर्वक सोच्ने लायकको छ। ती दुई “असल" र “असल भएन"को बीचमा के भिन्नता छ? यदि तपाईं विवाहित हुनुहुन्छ भने तपाईंको दाम्पत्य जीवनमा कस्तो सार्थक सम्बन्ध अपनाउनुपर्छ भनेर त्यस पदले तपाईंलाई सिकाउँदछ वा विवाह गर्नुभएको छैन तर विवाह गर्ने सोचमा हुनुहुन्छ भने वैवाहिक जीवन खेलाँची होइन त्यो परमेश्वरको वरदान हो भनेर आत्मसात् गर्दै आफ्नो जीवनलाई कसरी अगाढि बढाउने?

## २. आदमको निम्ति संगी वा श्रीमती (उत्पत्ति २:२१,२२)

सारा पशुपंक्षीहरू आदमले नाम दिएका थिए भनेर उत्पत्ति २:२०ले बताउँछ। मानिस र अरू यावत जीवजीवातको बीचमा के विशाल भिन्नता छ भनेर आदमको त्यस कामले देखाउँछ। आदमको दाँजोमा अरू कुनै जनावर थिएन। कुनै पनि बनमान्छे पनि आदम जस्तो थिएन। किनभने आदम कुनै पनि वनमान्छे वा नरबाँदर अर्थात् पुच्छरहीन बाँदरको स्वरूपमा थिएन। यो धारणालाई हृदयंगम गर्नु अत्यन्त जरुरी छ। आज हाम्रो समाजमा यस्ता दार्शनिक र वैज्ञानिकहरू छन् जसले यो दाबी गर्दछन् की मानिसहरू केवल विकसित पुच्छर नभएको बाँदर मात्र हुन्। यस्तो गलत विद्याले मानिसलाई अत्यन्त निचमा झारेर उसको भयङ्कर अवमूल्यन गर्दछन् र भन्दछ मानिस केहि पनि होइन वा फासफुस मात्र हो। परमेश्वरको स्वरूपमा विशेष ध्यान दिएर सृष्टि गरिएको हामी मानिस कुनै पनि नरबाँदर वा पुच्छर नभएको बाँदर होइनौं। जसरी कुनै पनि पुच्छर नभएको पोथी एप वा बाँदर आदमको निम्ति **सुहाँउदो सँगी थिएन** न त हामीलाई नै हुनसक्छ।

उत्पत्ति २:२१,२२ अनुसार जुन तरिका अपनाएर परमेश्वरले आदमको निम्ति सँगी सृष्टि गर्नुभयो त्यो कत्तिको अर्थमूलक छ भनेर हामीले सोच्नु अति अनिवार्य छ। हेर्नुहोस्: त्यसपछि परमप्रभु परमेश्वरले मानिसलाई गहिरो निंद्रामा सुताउनु भयो। जब त्यो मानिस गहिरो निंद्रामा पर्‍यो तब उहाँले त्यसको करङ्गहरूबाट एउटा करङ्ग निकाल्नुभयो।त्यस करङ्ग निकालेको ठाउँमा मासुले पुरिदिनुभयो। 22 त्यस मानिसबाट

**निकालिएको करङ्गबाट उहाँले एउटी स्त्री मानिस सृष्टि गरी तिनलाई त्यस मानिस कहाँ ल्याउनु भयो।" (रूपान्तरित)।**

जमिनको धुलोबाट परमेश्वरले आदम रच्नुभएको थियो। अनि परमेश्वरले हब्बालाई पनि सृष्टि गर्नुभयो। परमेश्वरले विश्वको सर्वप्रथम शल्यक्रिया अपनाएर आदमका करङ्गहरूबाट एउटा करङ्ग निकाली हब्बालाई सृष्टि गर्नुभयो। हब्बा सृष्टि गर्न आदमको करङ्गको आवश्यकता थिएन। जसरी आदमलाई माटो मुछेर मानिसको आकार दिएर सृष्टि गर्नुभयो त्यसरी नै परमेश्वरले हब्बालाई सृष्टि गरि उनलाई जीवनदान दिन सक्नुहुन्थ्यो।

आदमकै करङ्गबाट हब्बालाई सृष्टि गर्नु परमेश्वरको विशेष कारण थियो। यदि तिनीहरू फरक फरक गरेर सृष्टि गरिएको भए स्वभावैले तिनीहरू एक आपसमा स्वतन्त्र वा अलग व्यक्तित्व हुन्थे। तर हाड र मासुलाई बाँडेर दुई जीवमा सृष्टि गरिन्दा तिनीहरू दुई भएतापनि एकै जीव हो भनेर देखाएको थियो।

हब्बालाई सृष्टि गरिसकेपछि परमेश्वरले उनलाई आदमकहाँ उनको सहयोगी हुन ल्याउनुभएको थियो (पद १८)। आदमबाटै सृष्टि भएकोले हब्बालाई उनैलाई सुम्पिदिए (पद २२)। जुन सँगी वा श्रीमती आदमलाई चाहिएको थियो त्यो परमेश्वरले हब्बालाई रच्नुभएको तरिकाले स्पष्ट गरि देखाउँदछ। यो विषयलाई सम्झनु अति आवश्यक छ। हब्बाले फल खाएर आदमलाई दिँदा हब्बाको पछि लाग्ने कि त्यो जटिल अवस्थालाई परमेश्वरकै हातमा सुम्पी उहाँले नै समस्याको समाधान गरोस् भन्ने आत्मनिर्णयको चुनौतिलाई आदमले सामना गर्नुपरेको थियो। परमेश्वरले नै त्यसको समाधान गरि उनलाई हेरविचार गर्नुहुनेछ भन्ने विश्वास आदमले गर्न असल सक्थ्यो किनभने त्यस निश्कर्षमा पुग्नु आदमसँग थुप्रै प्रमाणहरू थिए। तर परमेश्वरमा भरोसा नगर्दा पाप झन भयङ्कर हुन पुगेको थियो।

**जब परमेश्वरले हब्बालाई आदमकहाँ ल्याउनुभयो तब उनलाई देखेर आदमले यसरी व्यक्त गर्दछन्: तब त्यस मानिसले भने, "आखिरमा म जस्तै अर्को एउटा व्यक्ति उसको हड्डी मेरो हड्डी बाट आयो अनि उसको शरीर मेरो शरीरबाट आयो। किनभने तिनी मबाट निकालिएकी हुनाले म तिनलाई स्त्री मानिस भन्नेछु।" (रूपान्तरित)।**

साँच्चि भनौं भने जब आदमले हब्बालाई देखे तब उनी अत्यन्त भावविभोर भए र उनले मुक्तक वा श्लोकद्वारा आफ्नो भावना व्यक्त

गरे। त्यो नै बाइबलमा उल्लेख गरिएको प्रथम् कविता वा मुक्तक थियो। त्यसले हब्बाप्रति आदमको श्रद्धा र घनिष्टता कत्तिको थियो भनेर देखाउँछ। आदमको बराबरीमा हब्बा हुनुपर्थ्यो। तर दुर्भाग्यवस पापले गर्दा आदम र हब्बाको पवित्र र घनिष्ट सम्बन्धमा पनि क्षती हुन पुग्यो।

## ३. आदर्श पवित्र विवाह (मर्कूस १०:७-९)

**"विवाह भन्ने घरेलु संस्था असफल संस्था हो" भनेर** अमेरिकाको प्रसिद्ध लेखक विलियम फोकनरले एकफेरा भनेका थिए। उनले दाम्पत्य जीवनको बारेमा यसरी व्यक्त गर्दछन्, "यदि वैवाहिक जीवनमा गाँसिएपछि शान्तसँग रहन कोहि रहन चाहन्छ भने सकेसम्म आफ्नो पहिलो श्रीमतीबाट जति सक्यो त्यति टाढा रहनुपर्दछ। अनि आफ्नो श्रीमतीभन्दा आफू धेरै बाँच्ने आशा राखीरहनुपर्दछ।" धेरै वैवाहिक जीवनको बारेमा टिप्पणी गरिएको यो धारणा यथार्थ भएकोले त्यसलाई दुःखपूर्ण मान्नुपर्दछ।

**सफल दाम्पत्य जीवनको निम्ति पुरानो करारलाई उदृध गर्दै मर्कूस १०:७-९मा यो भन्नुभएको छः "त्यसकारण जब कुनै मानिसले विवाह गर्दछ तब त्यसले आफ्नो बाबु र आमा त्याग्छ र आफ्ना श्रीमतीसँग बस्छ। 8 श्रीमान श्रीमती दुई नभएर एक हुन्छन्। 9 यसकारण वैवाहिक जीवनमा लागेको मानिस एक आपसमा अलग हुँदैन। त्यो अवस्था परमेश्वरले सृजनुभएको हो। विवाह गरेका पुरुष र स्त्री दुइजना भएर बस्दैनन् तर एक भएर जीउ भएर बस्दछन्।" कोहि मानिस वैवाहिक जीवनमा पस्न चाहन्छ भने येशूले औंल्याउनुभएको निति कत्तिको सान्दर्भिक छ? सोच्नुहोस्।**

यदि कोहि आदर्श दाम्पत्य जीवन बिताउन चाहन्छ भने दम्पतीले आफ्ना आमाबाबुलाई छोडेर आफ्नै घरजम गर्नुपर्छ भनेर बाइबलले सिकाउँदछ। यो अत्यन्त उपयोगी सल्लाह हो भनेर सबै मानिसले स्वीकार गर्दछन्। श्रीमान श्रीमतीको बीचमा तिनीहरूका आमाबाबुले हस्तक्षेप गर्दा श्रीमान श्रीमतीमा झगडाको विऊ फस्ताउने मूल कारण भएको पाइन्छ। यदि आमाबाबुले आफ्ना छोराछोरीको दाम्पत्य जीवन सफल भएको चाहन्छ भने तिनीहरूको वैवाहिक जीवनको अधिकारलाई सम्मान गरी तिनीहरूलाई स्वतन्त्ररूपमा आफ्नै गृहस्थी जीवन खडा गर्न दिनुपर्दछ। तिनीहरू आफ्ना आमाबाबुबाट

छुटेर बस्नुपर्दछ। यदि यो सम्भव नभएतापनि दाम्पत्य जीवनको प्रेम र व्यक्तिगत अर्थात् गोपनियतालाई सम्मान गर्नुपर्छ भनेर घरका अरू परिवारका सदस्यहरूले स्वीकार्नुपर्दछ। सुखी परिवारको औषधी नै श्रीमान श्रीमतीको व्यक्तिगत जीवनमा अरूले हस्तक्षेप गर्न नदिनु हो।

असल वैवाहिक जीवनको अर्को उदाहरण, श्रीमान र श्रीमतीको बीचमा हुनुपर्ने एकता हो। त्यसलाई समरूपता पनि भनिन्छ। एकताको अर्थ दुई सहयोगीहरूमा भएका दिमागलाई प्रयोग गर्न छोडिदिनु होइन। बरू एक आपसको निम्ति जे उत्तम छ र आफ्ना वैवाहिक जीवनको गठबन्धनलाई कसरी मजबुत पारी राख्ने भन्ने साझा सोचलाई एकत्रीत पारी राख्नु नै श्रीमान श्रीमतीको बीचमा हुनुपर्ने एकता हो।

विवाह क्षणिकको निम्ति नभएर जीवनभरको निम्ति हो भनेर येशूले सिकाउनुभएको थियो। वैवाहिक जीवन जहिले मनलाग्यो त्यसबेला बिताउने र जहिले मनलाग्यो त्यसबेला छोड्ने निति बाइबलसम्मत छैन। यो जीवनभरी अपनाउनुपर्ने जिम्मेवारीपना हो। यदि वैवाहिक जीवनलाई सम्मान गर्न कोहि समर्पण गर्न चाहन्न भने त्यसले दाम्पत्य जीवन बिताउन अग्रसर हुनुहुन्न। तर जब पवित्र दाम्पत्य जीवनको भेदलाई बुझ्छ तब मात्र वैवाहिक गठबन्धनमा पस्नुपर्छ।

**असल दाम्पत्य जीवनको निति वा भेद के हो भनेर पावलले एफिसी ५:२२-२५मा व्यक्त गरेको भावनालाई तपाईं के भन्नुहुन्छ, हेर्नुहोस्: "हे पत्नीहरू हो, प्रभुको अधीनमा रहे जस्तै आ-आफ्ना पतिको अधीनमा बस। जस्तो येशू ख्रीष्ट मण्डलीका शिर हुनुहुन्छ, पति पत्नीका शिर हुन्। मण्डली ख्रीष्टको शरीर हो, त्यसरी ख्रीष्ट शरीरको रक्षक हुनुहुन्छ। जसरी मण्डली ख्रीष्टको अधिकारमा छ त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूको अधिकारमा रहनु पर्छ। हे पतिहरू हो, आफ्ना पत्नीलाई प्रेम गर जसरी ख्रीष्टले पनी मण्डलीलाई प्रेम गर्नु भयो। ख्रीष्टले आफ्नो मण्डलीलाई यस्तरी माया गर्नुभयो कि त्यसको निम्ति उहाँले आफ्नो प्राण समेत दिनुभयो।" (रूपान्तरित)।**

आफ्नो श्रीमतीको प्रेमपूर्वक सेवा गर्न श्रीमान तत्पर हुनुपर्दछ। ख्रीष्ट येशूको समर्पणतालाई कुनै पनि श्रीमानले उदाहरणको रूपमा लिनुपर्दछ। चर्चको उच्चतम हितको निम्ति येशूले आफ्नो प्राण दिनुभयो। त्यसको प्रत्युत्तरमा श्रीमतीले पनि आफ्नो श्रीमानलाई आदर गर्नुपर्दछ र आपसी मिलोमत्तोमा स्वीकार गरिएको साझा उद्देश्यमा

सहयोग गर्नुपर्छ। पापले वैवाहिक जीवनलाई तहसनहस पारेकोले त्यस जीवन बिताउन सम्भव छैन न त आवश्यक नै छ भन्ने सोचलाई समर्थन गर्दैन भन्ने त्यस नितिले देखाउँदछ। स्वार्थलाई त्यागेर प्रेम गरिन्दा प्रेमिलो आदरसम्मान, सन्तुष्ट र खुशी जीवन प्राप्त गर्न सकिन्छ। यथार्थमा भन्ने हो भने हाम्रो घर स्वर्गको स्वादको नमूना हुनसक्छ।

## ४. जे महत्त्वपूर्ण र संवेदनशील छन् त्यसलाई सुरक्षित राख्नु (मत्ती ५:२७-३०)

परमेश्वरले मानिससहरूलाई उच्च वरदानहरू दिनुभएको छ। ती मध्ये श्रीमान र श्रीमतीको बीचमा हुने यौन सम्बन्ध पनि एक हो। यो परमेश्वरले दिनुभएको अचम्मको वरदान हो। तर यौन सम्बन्धको गरिमामय वरदान नितिनिर्देशनविनाआउँदैन। हामीले जसरी मन लाग्यो त्यसरी प्रयोग गर्न सक्दैनौं। यौन सम्बन्धलाई कार्यान्वन गर्न परमेश्वरले केहि नितिनिर्देशनहरू दिनुभएको छ। परमेश्वरले स्पष्टरूपमा भन्नु भएको छः यौन सम्बन्ध केवल पती र पत्नीको बीचमा, पुरूष र स्त्रीको बीचमा, त्यो पनि वैवाहिक जीवन भित्र मात्रै। त्यस दायराबाट बाहिर निस्किएर कसैले यौन सम्बन्धको फायदा उठाउन चाहन्छ भने त्यो सरासर पापमा फसिरहेको देखाउँदछ।

**व्यभिचारको मामिलामा येशूले गम्भिरतापूर्वक लिनुहुन्छ। उहाँको बचनलाई हामीले किन अत्यन्त महत्त्वपूर्ण मानि ग्रहण गर्नुपर्छ। हेर्नुहोस्, मत्ती ५:२७-३२, " तिमीहरूले यसो भनेको सुनेकाछौ, 'व्यभिचारको पापबाट अलग बस।' 28 तर म तिमीहरूलाई भन्दछु, जसले स्त्रीलाई खराब आँखा वा इच्छाले हेर्दछ, त्यसले अघिबाटै उनीसित त्यसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ। 29 यदि तिम्रो दाहिने आँखाले तिमीलाई बाधा पुऱ्याउँछ भने, त्यसलाई निकालेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा पर्नु भन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुनेछ। 30 यदि तिम्रो दाहिने हातले तिमीलाई पाप गराउँछ भने त्यसलाई काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा जानु भन्दा बरू तिम्रो अङ्गहरूमध्ये एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुनेछ। 31 'पुरानो करारमा यसप्रकारले भनिएको छ, 'जसले आफ्नी पत्नीलाई त्याग गर्ला, त्यसले उसलाई त्यागपत्र लेखी देओस्।' 32 तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अन्य कारणले त्याग गर्ला, उसलाई त्यसले**

**व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकोसित विवाह गर्ला, त्यसले पनि व्यभिचार गर्नेछ।" (रूपान्तरित)।**

येशूले पापीहरूलाई अनुग्रह र क्षमा दिनुहुन्छ भन्ने कुराको चर्चा गर्न हामी सबै रुचाउँछौं। तर उहाँ कसरी धर्मी र शुद्ध आचरणको निति अपनाउँदै प्रचारको काममा लाग्नु भएको थियो भन्ने कुरालाई बिर्सिदिन्छौं। येशूले हामीलाई धेरै कडा चेतावनी वा सावधानीहरू दिनुभएको छ। त्यसमध्ये माथिका पदहरूमा दिइएका यौन सम्बन्धको अशुद्धताको मामिलामा येशूले दिनुभएको चेतावनी कत्तिको कडा छ भन्ने कुरालाई मानिसहरूले हत्तपत्त बुझ्न चाहन्दैनन्। यदि आँखा वा हातले तपाईंलाई अशुद्ध पार्छ भने त्यसलाई काटेर फँक्नु असल हुन्छ रे ! यदि बाधा दिने ती अङ्गहरू काटेर फेंकिएन भने तपाईंले अनन्त जीवन नै गुमाउनुपर्नेछ रे !

"यदि परमेश्वरको दश आज्ञाहरू पालन गरेकोले पापबाट मुक्ति पाएको छु भनेर कसैले ठोकुवा गरेर दाबी गर्न सक्छ भने मैले पनि पापाबाट राहत पाएको अनुभव गर्नु सक्ने हुँला। तर आज्ञा पालन गर्दैमा पापबाट मुक्ति पाउने होइन। मानिसहरूले जतिसुकै धर्मको लुगा लगाएर परमेश्वरको सबै दश आज्ञाहरू पालन गरेको छु भनेर दाबी गरेतापनि तिनीहरू व्यभिचारीको पापमा फसिरहेका हुन्छन्। तिनीहरूको अन्धो चेतनालाई बिंउझाउन म के गरूँ? पवित्र तथा नैतिक नितिनिर्देशनलाई कडाइका साथ पालन गरेर चल्दा त्यसले केवल हाम्रो आत्मिय जीवनलाई सुरक्षितमात्र राख्दछ।"-एलेन जी ह्वाइट, *काउन्सिल अन हेल्थ,* पृ. ६२१,६२२बाट रूपान्तरित।

**येशूको चेतावनी अत्यन्त कडा छ भन्नेमा कसैको दुईमत छैन। तर व्यभिचारमा फसिएको स्त्रीप्रति येशूले कस्तो निति लिनुभयो भन्ने वृतान्तलाई पनि हामीले बिर्सनुहुन्न (यूहन्ना ८:१-११। उहाँले पापलाई पाप भन्नुभएर पापीलाई क्षमा दिनुभएको थियो)। पापमा फसेकाहरूप्रति येशूले देखाउनुभएको अनुग्रह, सदाशयता, र करूणा, र उहाँले निर्धारण गर्नुभएको उच्च आदर्श नितिहरूको बीचमा हामीले कसरी संतुलन राख्ने?**

## ५. विवाह, चर्चको प्रतिक (प्रस्थान ३४:१५,१६)

परमेश्वर र उहाँका जनहरूको बीचको सम्बन्धलाई वैवाहिक गठबन्धनको उदाहरणद्वारा व्याख्या गरिएको कुरा दुवै पुरानो र नयाँ करारका विद्यार्थीहरूलाई राम्रैसँग थाहा छ। त्यसैकारण परमेश्वरबाट

तर्किएर पापमा फस्न मन पराएका इस्रायलीहरूलाई बराबर पतित स्त्रीको चित्रण गरिएको पाइन्छ। परमप्रभु परमेश्वरलाई विश्वास नगर्ने तर आफ्ना हातहरूले बनाएका मूर्तीहरूलाई पूजा गर्ने वरिपरिका मानिसहरूसँग घनिष्ठ सम्बन्ध नराख्नु र विवाहब्बारी नगर्नु भनेर उहाँले निर्देशन दिनुभएको थियो भनेर प्रस्थानको पुस्तकमा उल्लेख गरिएको छ। अधर्मका विभिन्न रितिरिवाजहरूद्वारा ती पापी मानिसहरूले इस्रायलीहरूलाई परमेश्वरबाट टाडा नराखियोस् भन्ने हेतुले त्यस निर्देशन दिइएको थियो।

**परमेश्वरले आफ्ना भक्तजनहरूसँगको सम्बन्ध वैवाहिक गठबन्धन जस्तो छ भनेर विशेष चेतावनीसाथ चित्रण गर्नुभएको प्रस्थान ३४:१५,१६मा यस्तो छः " होशियार होऊ त्यस ठाउँमा बस्ने मानिसहरूसंग कुनै सन्धि नगर, नत्र तिमीहरूले तिनीहरूका देवताहरूको आराधना र अनि बलिदान दिन शुरू गर्ने छौ। तिनीहरूले तिमीहरूलाई बलिदानका भोजन खान निम्त्याउने छन्। 16 तिमीहरू तिनीहरूको छोरीहरूलाई तिमीहरूको छोराहरूसित विवाह गरिदिन सक्छौ। तर तिनीहरूका छोरीहरू वेश्या झैं झूटो देवताहरूको आराधना गर्छन्। तिम्रा छोराहरूलाई पनि त्यही गर्न लगाउनु सक्छन्।" त्यहि सन्दर्भमा यर्मिया ३:१४मा पनि यसरी लेखिएको कुरालाई सोच्नुहोस्ः "हे विश्वासहीन सन्तान हो, मकहाँ फर्की आऊ।" यो सन्देश परमप्रभुबाट आएको हो। "म तिमीहरूका स्वामी हुँ। हरेक शहरबाट तिमीहरू मध्ये एकजना र हरेक परिवारबाट दुइजना छान्नेछु अनि तिनीहरूलाई म सियोनमा लैजानेछु।"**

चर्चलाई ख्रीष्टको दुलही भनेर चित्रण गर्नुको अर्थ ख्रीष्ट र उहाँका भक्तजनहरूमा हुनुपर्ने एकतालाई औंल्याउनु हो। बाइबलमा भक्तजनको आदर्श विवाहसँग तुलना गरिएको अर्थ यो होः जसरी एक पुरूष र एक स्त्रीको बीचमा प्रेमिलो सम्बन्ध हुन्छ र स्वार्थलाई त्याग गरि एक आपसको सर्वोच्च हित खोज्दै बिताउँदछ त्यसरी नै ख्रीष्ट र उहाँका भक्तहरूको सम्बन्ध पनि त्यस्तै प्रकारको हुन्छ।

**एफिसी ५:२८-३२ र प्रकाश १९:५-९ पढ्नुहोस्। ती पहहरूले हामीलाई के सिकाइरहेका छन्?**

ती पदहरूमा पनि आदर्श वैवाहिक गठबन्धनलाई परमेश्वर र उहाँका भक्तजनहरूको गठबन्धनसँग दाँजिएको छ। आफ्ना जनहरूसँग अत्यन्त घनिष्ट सम्बन्ध राख्न परमेश्वरले आह्वान गर्नुहुन्छ। त्यस अचम्मको चित्रणले हामीप्रति परमेश्वरको चासो कत्तिको रहेछ भनेर

देखाउँदछ। परमेश्वरसँगको सङ्गतमा हामी नजिक होस् भन्ने उहाँको तिब्र चाहना छ।

बाईबलले देखाएको आदर्श वैवाहिक जीवन अनुसार तपाईं कत्तिको हिँडिरहनुभएको छ? त्यहि जीवनलाई बुझेर परमेश्वरसँग अझ नजिक हुन तपाईं के कदम चाल्नुपर्छ? कस्तो खालको सम्बन्ध परमेश्वरसँग राख्न चाहनुहुन्छ र साथै आफ्नै सँगीसँग राख्न चाहनुहुन्छ त्यो रोज्ने अधिकार तपाईंमै निहित भएको के तपाईंलाई थाहा छ?

## उपसंहारः

<u>थप जानकारी</u>ः यदि हाम्रो सुरूवातको उचित ज्ञानसँग उचित यौन जीवनको शुद्धता गाँसिएको छ। यदि हामी परमेश्वरका सन्तान हौं र हाम्रो जीवनमा उहाँको नजर छ भन्ने धारणालाई वेवास्ता गर्‍यौं भने हामीहरूको पवित्र दाम्पत्य जीवनसँग पनि खेलबाड गर्न अग्रसर हुन्छौं। विकासवाद सिद्धान्तले नरनारीको बीचमा हुने सम्भोगलाई शुद्धतासँग गाँसिएको पाइन्दैन। जन्तु जनावरहरूले विभिन्न किसिमका सम्भोग प्रणाली अपनाउँछन्। कतिपय जनवारहरूको धेरै जोडी हुन्छन्। कुनै कुनै जनावरहरू यौनक्रियामा अत्यन्त तल्लिन हुन्छन्। आफ्ना जीवनसाथीसँग बफादारी भएर बस्ने जनावरहरू कमै देखिन्छ। तर वैज्ञानिक अनुसुन्धानले पनि यो पत्ता लगाएको छ कि धेरै जनावरहरू आफ्ना जोडीसँग बफादार भएर बसेको देखेतापनि तिनीहरू नैतिक रूपमा बफादार रहन आवश्यक भएको महशूस गरेको देखिएको छैन। पोथी जनावरले कतिपय बच्चाहरू पाउँछन् तर तिनीहरूको बाबु एउटै हुनुपर्छ भन्ने छैन। परमेश्वरको नितिनिर्देशन विनाकोहि मानिस यौनक्रियामा चल्यो भने त्यो नैतिकरूपमा असल वा खराब भन्न ठहराउन सकिन्दैन। आधुनिक जमानामा समलिङ्गिनीहरूले पाएको मान्यताले उपरोक्त कुराको पुष्टि गर्दछ। परमेश्वरले सृष्टि गर्नुभएको सृष्टिको अवधारणाले मात्र आदर्श दाम्पत्य जीवन भनेको के हो भनेर हामी बुझ्न सक्छौं।

"ख्रीष्ट र उहाँका भक्तजनहरूको बीचको पवित्र सम्बन्धलाई बुझाउन दुवै पुरानो र नयाँ करारमा विवाहको उदाहरण दिइएको छ। काना प्रान्तमा येशूले उल्लासपूर्ण विवाहको समारोहमा भाग लिनु भएको थियो (यूहन्ना २)। त्यसले त्यो उल्लासमय समयको दिनलाई याद दिलाउँछ जब ख्रीष्टले आफ्ना चर्चरूपी दुलहीलाई परमेश्वर पिताको घरमा भित्राउनेछन्। अनि मुक्ति पाएका भक्तजनहरू थुमासँगै विवाहको

भोज खान बस्नेछन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्* पृ. १५१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. विकासवाद सिद्धान्तले बाइबलले देखाएको उत्पत्तिको सिद्धान्तलाई स्वीकार गर्दैन। यौनक्रिडाको नैतिकताको बारेमा विकासवाद सिद्धान्तले के सिकाउँछ? विकासवाद सिद्धान्त र बाइबलको सिद्धान्तले जोडीजोडीको बिचमा हुनुपर्ने सम्बन्धलाई कुन फरक ढँगले औँल्याएको छ?

आ. असल दाम्पत्य जीवन र खुशी तथा सन्तोषी घरपरिवारको बारेमा बाइबले औँल्याएका केहि उदाहरण सोच्नुहोस्। फेर असन्तुष्ट, असफल र बेखुशी दाम्पत्य जीवनलाई बाइबलमा औँल्याएका केहि उदाहरणहरू पनि हेर्नुहोस्। ती दुवैबाट हामीले के सिक्नसक्दछौँ?

इ. शुद्ध र आदर्श नारीको बारेमा हितोपदेश ३१:१०-३१मा गरिएको वाख्यालाई पढ्नुहोस्। त्यस्तो पत्नीको पतीको चरित्र कस्तो हुन जान्छ?

ई. आदर्श दाम्पत्य जीवन बिताउने कुरामा ध्यान दिन र त्यसलाई मजबुत पार्न तपाईंको स्थानिय चर्चले कस्तो भूमिका खेल्न सक्छ? त्यस उद्देष्यमा अग्रसर हुन तपाईंको चर्चले कस्ता कस्ता उपयोगी उपायहरू कार्यान्वन गर्न सक्दछन्?